# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, वैशाख ७ गते, २०८० साल (संख्या २

## भाग ३

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

**विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, २०७९**

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ५१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ मा नियम ८क. थपः** विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ पछि देहायको नियम ८क. थपिएको छः-

"८क. स्वचालित मार्ग (अटोमेटिक रुट) बाट सेवा प्रदान गर्न सकिनेः (१) ऐनको दफा ४२ को उपदफा (१) बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वचालित मार्ग (अटोमेटिक रुट) बाट सेवा प्रदान गर्न सकिने गरी निर्धारण गरेको लगानीको सीमामा नबढ्ने गरी देहायको विदेशी लगानीको स्वीकृति सम्बन्धी सेवा स्वचालित मार्ग (अटोमेटिक रुट) बाट प्रदान गर्न सकिनेछः-

(क) शतप्रतिशत शेयर स्वामित्व वा संयुक्त लगानीमा नयाँ कम्पनी संस्थापना गर्न, वा

(ख) विदेशी लगानीमा संस्थापना भई सञ्चालनमा रहेको कम्पनीको तत्काल कायम रहेको विदेशी लगानीकर्ताले त्यस्तो कम्पनीमा पूँजी वृद्धिको लागि लगानी गर्न।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम स्वचालित मार्ग (अटोमेटिक रुट) बाट विदेशी लगानी स्वीकृति सम्बन्धी सेवा उपलब्ध गराउने प्रयोजनको लागि विभागले ऐन तथा यस नियमावली बमोजिम विदेशी लगानीको स्वीकृतिको लागि पेश गर्नु पर्ने विवरण तथा कागजात विद्युतीय प्रणालीबाट पेश गर्न सकिने गरी विद्युतीय प्रणाली सञ्चालन गर्नेछ।

(३) उपनियम (१) बमोजिम स्वचालित मार्ग (अटोमेटिक रुट) बाट विदेशी लगानी सम्बन्धी स्वीकृति लिन चाहने विदेशी लगानीकर्ताले विभागले सञ्चालन गरेको विद्युतीय प्रणालीमा लग इन गरी सो प्रणालीले माग गरे बमोजिमको विवरण तथा कागजात त्यस्तो प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम विद्युतीय प्रणालीमा विदेशी लगानी स्वीकृतिको लागि आवश्यक विवरण तथा कागजात प्रविष्ट गरे पछि त्यस्तो लगानी स्वीकृतिको लागि विद्युतीय प्रणालीबाट पेश गर्नु भन्दा पहिले सम्बन्धित विदेशी लगानीकर्ताले प्रविष्ट गरेको विवरण तथा कागजात जाँच गर्नु तथा सच्याउनु पर्ने भएमा सच्याउन सक्नेछ।

(५) उपनियम (३) बमोजिम प्रविष्ट गरिएको विवरण तथा कागजात विदेशी लगानीकर्ताले उपनियम (४) बमोजिम जाँच गरी आवश्यकता अनुसार सच्याए पछि विदेशी लगानी स्वीकृतिको लागि विभागको विद्युतीय प्रणालीमा पेश गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (५) बमोजिम विदेशी लगानी स्वीकृतिको लागि विभागको विद्युतीय प्रणालीमा पेश भए पछि त्यस्तो प्रणालीबाट विदेशी लगानीकर्तालाई निजले प्रविष्ट गरेको इमेल ठेगानामा आवेदन नम्बर सहितको निजको लगानी स्वीकृत भएको जानकारी (कन्फर्मेशन) दिइनेछ। त्यस्तो जानकारीको अतिरिक्त विदेशी लगानीकर्ताले लगानी स्वीकृत भएको पत्र विभागको विद्युतीय प्रणालीबाट समेत प्राप्त गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम विदेशी लगानी स्वीकृतिको जानकारी दिए पछि ऐन तथा यस नियमावली बमोजिम निजको विदेशी लगानी स्वतः स्वीकृत भएको मानिनेछ।"

३. **<u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९ को ठाउँठाउँमा रहेका "नियम ८ बमोजिम" भन्ने शब्दहरूको सट्टा "नियम ८ वा ८क." बमोजिम भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**

**डा. तोय नारायण ज्ञवाली**

**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-
गो.द.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।